नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर

## छुट सुविधाका लागि आवश्यक विवरण तथा कागजात सम्बन्धी सूचना

नेपाल राजपत्र (भाग २, खण्ड ७४, अतिरिक्ताङ्क ४८) मा प्रकाशित आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश मार्फत कम्पनी ऐन, २०६३ मा भएको संशोधन अनुरूप छुट/सुविधा सम्बन्धमा यस कार्यालयवाट मिति २०८१/१०/८ मा सूचना प्रकाशन भएको सन्दर्भमा उक्त सुविधा लिन ईच्छुक कम्पनीहरूले अनलाइन प्रणाली मार्फत् निवेदन दिंदा देहाय बमोजिम विवरण अध्यावधिक गरी कागजातहरू पेश गर्नुपर्ने हुँदा अनलाइन प्रणालीमा आफ्नो कम्पनीको विवरण दुरूस्त रहेको सुनिश्चित गर्नुहुन तथा प्रचलित कानून बमोजिम आवश्यक पर्ने देहाय लगायतका कागजात तथा विवरणहरू तयार गर्नुहुन सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यसै सूचना मार्फत अनुरोध छ ।

१. अनलाइन प्रणालीमा कम्पनीको आधारभूत विवरणहरू (जस्तै कम्पनीको प्रकार, प्यान नम्बर, ठेगाना लगायत) दुरूस्त रहेको यकीन गर्ने ।

२. कम्पनीको शेयर संरचना (अधिकृत पूंजी, जारी पूंजी र चुक्ता पूंजी लगायत) अनलाइन प्रणालीमा दुरूस्त रहेको यकीन गर्ने ।

३. कम्पनीका शेयरधनीहरूको आधारभूत विवरण तथा शेयर संख्या अनलाइन प्रणालीमा अध्यावधिक गर्ने ।

४. कम्पनी ऐनको दफा ८१ को उपदफा (१) बमोजिमको म्याद भित्र उपदफा (२) मा उल्लेख भए बमोजिम दफा ५१, दफा ७८, दफा ८०, दफा १२०, दफा १३१ वा दफा १५६ बमोजिमको विवरण, सूचना, जानकारी वा जवाफ पेश गर्न वाँकी विवरण तयार गर्ने।

५. कम्पनी ऐन, २०६३ मा तोकिए बमोजिम विवरण पेश गर्न र कम्पनी खारेजी गर्नका लागि कम्पनीको जुन तह (साधारण सभा वा विशेष साधारण सभा वा सञ्चालक समिति वा अन्य) वाट निर्णय हुनु पर्ने हो, सोही बमोजिमका निर्णयहरू भएको हुनुपर्ने।

६. माथि नं. ४ बमोजिम विवरण तयार गर्दा वार्षिक रूपमा तयार गर्नुपर्ने बिवरणहरू प्रत्येक आर्थिक वर्षको वेग्ला बेग्लै फाइलमा तयार गर्ने ।

७. छुट सुविधा लिन इच्छुक कम्पनीले यस कार्यालयको *कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली* मार्फत आर्थिक वर्षअनुसार पेश गर्नुपर्ने विवरण वेग्ला वेग्लै निवेदनवाट पेश गर्नुपर्नेछ ।

८. कार्यालयवाट प्रत्येक कम्पनीका छुट सम्बन्धी सवै निवेदनहरू एकैपटक जाँच गरी निवेदन किनारा लगाउने प्रवन्ध गरिनेछ।

९. दर्ता खारेजीको छुट सुविधा लिनका लागि माथि उल्लेखित विवरण सहित देहायका थप विवरणहरू तयार गर्ने:

   क. कम्पनीको पूँजी संरचना अनलाइन प्रणालीमा दुरूस्त रहेको यकीन गर्ने ।

   ख. दर्ता खारेजी सम्बन्धमा कम्पनीको साधारण सभाको निर्णय ।

   ग. माथि (ख) बमोजिम साधारण सभा आव्हान गर्न वा कम्पनीको साधारण सभामा दफा ७३ बमोजिम गणपूरक संख्या नपुगेकोले साधारण सभा बस्न नसकेकोमा उपस्थित सञ्चालक वा शेयरधनीले त्यस्तो कम्पनीको खारेजीको लागि गरेको निर्णय ।

(देवीप्रसाद सुवेदी)

उपरजिष्ट्रार

मितिः २०८१/१०/३०